नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक १४८ २०८१ साल पुस २४ गते बुधबार (8 Jan. 2025 Wednesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : बाह्य सहयोग बढाउन... ३ पृष्ठमा : वन्यजन्तुको आक्रमणबाट ८३ को मृत्यु, ३ पृष्ठमा : भूकम्पमा मृत्यु हुनेको.

# छाडा पशुचौपाया नियन्त्रणमा लिँदै नगरपालिका



**दैनिक समाचारदाता**
**राजविराज, २३ पुस ।**

राजविराज नगरपालिकाले नगर क्षेत्र भित्र छाडा रुपमा छाडिएका पशु चौपायालाई नियन्त्रणमा लिने कार्य पुनः सुरु गरेको छ । यस अघि नगरपालिकाले झण्डै ७ वर्षअघि पनि छाडा पशुचौपाया नियन्त्रण गर्ने प्रयास गरेको थियो । तर, सो कार्यले निरन्तरता पाउन सकेन् ।

पछिल्लो पटक यही पुस २२ गते सोमबारदेखी नगरपालिकाले कार्यालय परिसर भित्रै अस्थायी रुपमा काँजी हाउस संचालन गरि नगर क्षेत्रभित्र छाडा छाडिएका पशु चौपायालाई नियन्त्रणमा लिने कार्यलाई पुनः सुरु गरेको हो ।

दुई दिनको अवधीमा २४ वटा गाई र बाछी तथा २ वटा घोडा गरि २६ वटा छाडा पशु चौपाया नियन्त्रण लिएको नगरपालिकाका सरसफाईका शाखा प्रमुख ज्योतिष कुमार यादवले जानकारी दिए । छाडा पशुचौपाया नियन्त्रणका लागि नगरपालिकाले सरसफाई तथा बिजुलीका कर्मचारी र दमकलका चालकहरु गरि २५ जना जनशक्ति परिचालन गरेको उनले बताए ।

**"नियन्त्रणमा लिएका मध्येबाट ९ वटा गाई र बाछीलाई ५ सयका दरले ४ हजार ५ सय रुँपैया तिरेर पशुधनीले लगे ।"**

उनका अनुसार नियन्त्रणमा लिई काँजी हाउसमा राखिएका २६ मध्ये ९ वटा गाई र बाछीलाई ५ सयका दरले ४ हजार ५ सय रुँपैया तिरेर पशुधनीले लगेका छन् ।

अनाधिकृत रुपमा कसैले पशुचौपाया सार्वजनिक स्थानमा छोडी वा लापरवाही गरी बालिनालीमा नोक्सानी पुर्‍याएको खण्डमा सो नोक्सानी भएको ठहर भए सम्बन्धीत पशुधनीबाटै वडा समितिले क्षतिपूर्ती भराई दण्ड सजाय गर्न सकिने प्रावधान समेत रहेको उनको भनाई छ ।

छाडा पशुचौपाया नगरपालिकाले नियन्त्रणमा लिएर काँजी हाउसमा राखेको बेला पशुधनीले जरिवाना बुझाएर लैजान सक्ने प्रावधान रहेको बताउँदै सरसफाई प्रमुख यादवले एक दिनको सानो पशुको एक सय रुपैया जरिवाना तोकिएको छ भने दोश्रो दिन थप एक सय गरि सातौं दिनसम्ममा ७ सय जरिवाना तोकिएको छ ।

यस्तै ठूलो पशुको हकमा पहिलो दिन ५ सय जरिवाना तथा सातौं दिनसम्ममा ५ हजार ५ सय जरिवाना तोकिएको छ । सो अवधीमा पनि पशुधनीले आफ्ना पशुचौपाया नलगे आठौं दिन ती पशुचौपायाको लिलामी समेत हुने प्रावधान रहेको उनको भनाई छ ।

उक्त कार्यका लागि नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परविनको संयोजकत्वमा ११ सदस्यीय छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन निर्देशिका २०७९ को दफा ३ बमोजिम छाडा चौपाया नियन्त्रण अनुगमन तथा समन्वय समिति समेत गठन गरिएको छ ।

गठित समितिको सदस्यहरुमा वडा नं. २ का अध्यक्ष अरुण कुमार यादव, वडा नं. ३ का अध्यक्ष अनिल कुमार दास, वडा नं. ४ का अध्यक्ष दिनेश कुमार साह कसेरा, कार्यपालिका सदस्य मो. इलयास मियाँ, कृषि शाखा प्रमुख, सरसफाई प्रमुख, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि, जिल्ला प्रहरी कार्यालयका प्रतिनिधि, जिल्ला समन्वय समितिका महिला सदस्य प्रतिनिधि र पशु विकास शाखा प्रमुख छन् ।

राजविराजको विभिन्न सडकहरुमा छाडा रुपमा देखिने गाई, भैंसी, बाछा-बाछी, कुकुर तथा अन्य चौपायाका कारण मानिसहरुलाई हिडडुल गर्न तथा यातायात संचालनमा निकै कठिनाई हुने गरेको व्यापक जनगुनासो तथा सामाजिक संजालमा आएपछि नगरपालिकाले अग्रसरता देखाएको हो । यस्ता छाडा चौपायाले सडकमा ट्राफिकमा समस्या पार्ने तथा अन्य सार्वजनिक सम्पत्तिमा समेत क्षति पुर्‍याउने खालका गतिविधि हुन थालेपछि नगरपालिकाले छाडा पशुचौपाया नियन्त्रणमा लिने कार्यलाई अग्रसरता दिएको पालिकाका कार्यवाहक नगर प्रमुख इसरत परविनले बताइन् ।

# सहकारी ठगीका आरोप लागेका तातेड ६ महिनापछि रिहा



**दैनिक समाचारदाता**
**राजविराज, २३ पुस ।**

राजविराजस्थित कान्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका सचिव सिद्धार्थ तातेड पीडितहरुको बचत फिर्ता गर्ने सहमति भए पश्चात् ६ महिनापछी जेलमुक्त भएका छन् ।

सहकारी ठगी तथा आपराधिक विश्वासघात मुद्दामा पक्राउ परेका तातेड सप्तरी जिल्ला अदालतका न्यायाधिश तिलक बहादुर कार्कीको रोहबरमा पीडित पक्षहरुले मुद्दा फिर्ता तथा मिलापत्र प्रमाणित भएपछी मंगलबार जेलमुक्त भएका हुन् ।

मध्यस्थकर्ताको भूमिका निर्वाह गरेका कानुन व्यवसायी अशोक चौधरी, डाक्नेश्वरी नगरपालिका वडा नं. ९ का वडाअध्यक्ष कर्णदेव चौधरी तथा उद्योग बाणिज्य संघ सप्तरीका अध्यक्ष लालुप्रसाद अग्रवालको उपस्थितिमा दुवै पक्ष मुद्दा मिलापत्र गरेपछि न्यायाधिश कार्कीको रोहबरमा मिलापत्र प्रमाणित भएसँगै तातेडको रिहा भए ।

राजविराज नगरपालिकाका वडा नं. ३ का वडा सदस्य समेत रहेका तातेडलाई बचतकर्ताको रकम हिनामिना गरेको आरोपमा प्रहरीले गत साउन ३ गते पक्राउ गरेको थियो । साउन १७ गते जिल्ला अदालत सप्तरीका न्यायाधिश संजिव पोखरेलको एकल इजलाशले थुनछेक बहस सकिएपछि तातेडलाई पूर्पक्षका लागि कारागारमा राख्ने आदेश गरेको थियो ।

सो संस्थामा जम्मा गरेको बचतकर्ताको करिब डेढ करोड रकम हिनामिना गरेको आरोपसहित अध्यक्ष बेचन यादव र सचिव तातेडसहित १२ जनालाई प्रतिवादी बनाई प्रहरीले सप्तरी जिल्ला अदालतमा आरोपपत्र दायर गरेको थियो ।

*बाँकी अन्तिम पृष्ठमा*

## उपभोक्ता सचेत बनौं

- अखाद्य, सडेगलेको वा म्याद नाघेको तथा अस्वभाविक रुपमा बढी मूल्य वा कम तौलका वस्तु बिक्री गर्ने जस्ता कार्य गैह्र कानूनी हो,
- त्यस्ता गैहकानूनी कार्य भएको जानकारी पाउनासाथ बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा बाणिज्य तथा उपभोक्ता हित संरक्षण कार्यालय, सम्वन्धित जिल्ला प्रशासन कार्यालय, स्थानीय तह बा टोल फ्री नं. ११३७ मा उजुरी गरौं,
- सचेत उपभोक्ता बनौं, आफ्नो मौलिक अधिकारको सदुपयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### अपराध निरुत्साहित पार्न अग्रसर होऔं

अहिले हाम्रो समाजमा विभिन्न खाले अपराधले जडो गाड्दै गइरहेको छ । समाजमा हुने त्यस्ता अपराधलाई निरुत्साहित पार्न समाजिक स्तरबाटै अग्रसर हुनु जरुरी छ । पाशविक मानसिकता भएकाहरु महिलालाई उपभोग्य बस्तु ठानेर बलात्कारका घटना बढेको छ । बालिकादेखि वृद्धासम्म यस्ता घटनाका शिकार हुने गरेको घटना सार्वजनिक हुँदा हाम्रो समाज मुकदर्शक बनिरहेको छ । महिला अस्मिता रक्षा र महिला अधिकारको संरक्षणले पार्न सभ्य समाजको निर्माण हुन्छ । यस्ता घटनाले महिला जगतलाई आतंकित बनाउँछ भने सम्पूर्ण समाज स्तब्ध र आक्रोशित बन्नु स्वाभाविक पनि हो ।

यस्ता अपराधमा सबै भन्दा पहिला बलात्कारका घटनालाई निरुत्साहित गर्न आवश्यक छ । यो घटना निकै निन्दनिय कार्य हो । हामी नेपाली यस्तो पाशविक युगमा अहिले पनि बाँचिरहेका छौं, जहाँ महिलाहरुलाई मानव भन्दा पनि उपभोग्य वस्तुका रुपमा बुझिरहेका छौं । हामी अहिले पनि घोर अत्याचारको युगमा बाँचिरहेका छौं, जस्तो अनुभव हुने गर्छ । यस्ता अनेकौं घटनाहरुमा प्रताडित, उपभोग र तिस्कृत गरिने घटनाहरु हाम्रा अगाडि दिनहुँ जसो आइरहेका हुन्छन् ।

यस्ता घटनालाई जडैबाट उखालेर फाल्न कीन चुकेका छौं ! तसर्थ यस्ता घटनालाई निरुत्साहित पार्न हामी सबै मिलेर एक जुट भएरै लाग्नै पर्ने अवस्था आएको छ । यसका लागि आजैबाट त्यस्ता घटनालाई निरुत्साहित पार्न सबै एकजुट हौं ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# बाह्य सहयोग बढाउन प्रगतिशील विकास सहायता नीति जारी हुँदै

काठमाडौं, २३ पुस (रासस) ।

बदलिँदो राष्ट्रिय तथा अन्तराष्ट्रिय परिप्रेक्ष्यलाई दृष्टिगत गरी विकास सहायता व्यवस्थापनमा सुधार गर्ने उद्देश्यसहित सरकारले 'विकास सहायता परिचालन नीति, २०८१' को मस्यौदा तयार पारेको छ ।

अन्तर्राष्ट्रिय विकास साझेदारका प्राथमिकतामा आएको परिवर्तन, सहुलियतपूर्ण सहायतामा आएको गिरावट, निजी क्षेत्रको भूमिकाको महत्व, र सङ्घीय प्रणालीअन्तर्गत प्रदेश तथा स्थानीय तहमा महसुस भएको विकास सहायताको आवश्यकताअनुरुप नीति परिमार्जन हुन लागेको अर्थ मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले विकास सहायता परिचालनको अनुभव, सिकाइका आधारमा यस क्षेत्रलाई व्यवस्थित, प्रभावकारी बनाउन र उपलब्ध अवसरलाई उपयोग गर्न नयाँ नीतिको मस्यौदा तयार पारेको हो ।

विकास साझेदारका आफ्ना वित्त चुनौतीका कारण वैदेशिक सहायताको संरचनामा परिवर्तन हुँदै गएको, विगतमा उपयुक्त देखिएका कतिपय नीतिगत व्यवस्था हाल असान्दर्भिक भएकाले मौजुदा नीतिलाई समयानुकुल परिमार्जन आवश्यक भएकाले नयाँ मस्यौदा तयार गरिएको मन्त्रालयले स्पष्ट गरेको छ ।

नयाँ नीतिले समृद्ध राष्ट्र निर्माणका लागि विकास सहायताको प्रभावकारी परिचालनमा जोड दिएको छ । "मुलुकको आवश्यकता र प्राथमिकताअनुरूप उच्च प्रतिफल दिने क्षेत्रमा विकास सहायता परिचालन गरी समृद्धि हासिल गर्नु हो । यसका लागि सहायताको उपयोग क्षमतामा वृद्धि गर्ने, राष्ट्रिय प्रणालीमार्फत आन्तरिक क्षमता अभिवृद्धि गर्ने, सहायता उपकरणमा विविधीकरण गर्दै पारदर्शिता तथा प्रभावकारिता सुनिश्चित गर्ने प्रयास हुनेछ", मस्यौदामा भनिएको छ ।

प्रतिव्यक्ति आय वृद्धिसँगै सहायताका नयाँ मापदण्डअनुसार प्राप्त हुने स्रोतलाई उच्च प्राथमिकता प्राप्त क्षेत्रमा केन्द्रित गर्ने लक्ष्य मस्यौदामा प्रस्ताव गरिएको छ । सन् २०३० सम्म दिगो विकास लक्ष्य हासिल गर्न विकास साझेदारसँग साझेदारीमा काम गर्ने, जलवायु वित्तमार्फत जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनलाई प्राथमिकता दिने, र आवधिक योजना हासिल गर्न स्रोत- साधन परिचालनमा सहयोग लक्ष्य निर्धारण गरिएको छ ।

"निजी क्षेत्रको भूमिकालाई विकास कार्यमा अभिवृद्धि गर्न विकास सहायता परिचालनमा नीतिगत थप स्पष्टता आवश्यक देखिएको छ । प्रदेश तथा स्थानीय निकायमा विकास सहायता परिचालनको आकार बढ्दै गएको कारण विकास सहायतामा परिचालनमा अन्तरनिकाय र अन्तरसरकार समन्वय तथा सहकार्यमा स्पष्टता आवश्यक छ", मस्यौदामा भनिएको छ ।

सरकारको एकल प्रयास र साधनले मात्र विकास प्रयासले सार्थक गति लिन सम्भव नहुने भएकाल् निजी क्षेत्रलगायत अन्य विकास साझेदारसँग भएको साधन, ज्ञान, सीप र अनुभवलाई उपयोग गर्दै जानुपर्ने आवश्यकता मस्यौदामा औंल्याइएको छ ।

"विकास सहायताका नयाँनयाँ अवधारणा, वित्तीय उपकरण र शैलीको विकास लाई आत्मसात गर्दै विकास सहायतामा नवीन वित्तीय उपकरण परिचालन र उपयोग गर्न नयाँ नीतिको आवश्यक छ", मस्यौदामा भनिएको छ, "सन् २०२६ मा नेपाल विकासशील राष्ट्रको रूपमा स्तरोन्नति भए पश्चात् नेपालले प्राप्त गर्दै आएको सहुलियत तथा सुविधामा केही असर पर्नसक्ने र प्रतिव्यक्ति राष्ट्रिय आयमा हुने वृद्धिसँगै द्विपक्षीय र बहुपक्षीय विकास साझेदारका सहुलियतपूर्ण विकास सहायताका लागि निर्धारित मापदण्डका कारण नेपालले प्राप्त गर्न सहायताको लागत क्रमशः बढ्ने, अनुदान सहायता घट्दै जाने र सहुलियतपूर्ण ऋण भुक्तानी अवधि कम हुने भएकोले सोही अनुरुप विकास सहायता परिचालनमा छनौटपूर्ण हुनुपर्ने अवस्था छ ।"

अनुदानको रूपमा प्राप्त हुने विकास सहायताको रकम कर तिर्ने प्रयोजनको लागि उपयोग नगरिने प्रस्ताव गरिएको छभने वस्तुगत सहायताअन्तर्गत प्राप्त हुने उपकरण तथा सामग्रीको पैठारीमा सम्बन्धित विषयगत मन्त्रालयको सिफारिसमा मन्त्रालयले कर छुट सुविधा प्रदान गर्न सक्ने वा सरकारको स्रोतबाट कर दायित्व व्यहोर्नुपर्ने छ ।

ऋण सहायताका आयोजनामा भने कर छुटसम्बन्धी प्रावधान समावेश गरिने छैनभने स्वदेशमै उत्पादन हुने सामग्रीको पैठारीमा पनि कर छुट दिइने छैन । विकास साझेदारको कार्यक्षेत्र विभाजन गर्न सकिने व्यवस्था मस्यौदामा गरिएको छ ।

बाह्य सहयोग बढाउन प्रगतिशील विकास सहायता नीति जारी गर्ने उद्देश्यका साथ मस्यौदा तयार भएको तथा त्यसमा सरोकारवालालाई सुझाव दिन अनुरोध गरिएको उक्त मन्त्रालयको अन्तरराष्ट्रिय आर्थिक सहयोग समन्वय महाशाखाका एक जना कर्मचारीले बताउनुभयो ।

# अमलेखगञ्जबाट चितवनको लोथरसम्म पेट्रोलियम पाइप लाइन विस्तार हुँदै

बागमती, २३ पुस (रासस) ।

बाराको अमलेखगञ्जबाट चितवनको लोथरसम्म पेट्रोलियम पाइप लाइन विस्तारको काम छिट्टै अगाडि बढाइने भएको छ । मोतीहारी-अमलेखगञ्ज पाइप लाइनको काम सकिएपछि चितवनको लोथरसम्म पाइप लाइन विस्तार गर्ने लक्ष्यसहित काम अघि बढाउन लागिएको हो ।

अमलेखगञ्जबाट चितवनको लोथरसम्म ६९ किलोमिटरमा निर्माण हुने सो पेट्रोलियम पाइप लाइनको काम अगाडि बढाउने विषयमा उच्चस्तरीय प्राविधिक टोलीबाट फिल्ड अध्ययनको काम सकिएर डिपिआर निर्माण भइरहेको नेपाल आयल निगमका प्रवक्ता इञ्जिनियर मनोज ठाकुरले जानकारी दिनुभयो ।

"नेपाल र भारत दुवै देशका उच्चस्तरीय प्राविधिक टोलीबाट अध्ययनको काम भइसकेको छ", प्रवक्ता ठाकुरले भन्नुभयो, "टोलीले अध्ययन गरेर अहिले डिपिआर तयार गरिरहेको छ ।" पाइप लाइन विस्तार गरी लोथरमा एक लाख लिटर पेट्रोलियम पदार्थ भण्डारण गर्नेगरी काम अघि बढ्ने उहाँको भनाइ छ । अमलेखगञ्जबाट लोथरसम्म पेट्रोलियम पाइप लाइन विस्तार भई सञ्चालमा आएपछि पश्चिमी र उत्तरी नेपालमा पेट्रोलियम पदार्थको अभाव नहुने उहाँको विश्वास छ ।

यसैगरी मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइप लाइन विस्तारको काम सकिएसँगै पाइप लाइनबाटै पेट्रोलियम पदार्थको आयात गर्न परीक्षण सुरु गरेको छ । मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइप लाइन विस्तारको सम्पूर्ण काम सकिएको र तत्काल परीक्षणका लागि पाइप लाइनबाटै पेट्रोल र मट्टितेल ल्याइएको नेपाल आयल निगम मधेस प्रादेशिक कार्यालय अमलेखगञ्जका प्रमुख प्रलयङ्कर आचार्यले जानकारी दिनुभयो ।

"पाइप लाइन परीक्षण गर्न तत्कालका लागि विस्तार गरिएको पाइप लाइनबाटै पेट्रोल पाँच हजार पाँच सय केएल र एक हजार केएल मट्टितेल ल्याएका छौँ", उहाँले भन्नुभयो, "पाइप लाइनबाट ल्याइएको पेट्रोलियम पदार्थको परीक्षण भइरहेको छ ।" त्यो सँगै पाइप लाइनबाटै पेट्रोलियम पदार्थको नियमित आयात गर्न आवश्यक तयारी भइरहेको उहाँको भनाइ छ ।

दुवै देशका प्रधानमन्त्रीले संयुक्त रूपमा पाइप लाइनको उद्घाटन गर्ने वा कसरी नियमित आयात सुरु गर्ने विषयमा छलफल भइरहेको जनाउनुहुँदै उहाँले जनवरी २०२५ देखि पाइप लाइनबाटै पेट्रोलियम पदार्थको नियमित आयात गर्ने भनिए पनि आवश्यक तयारी पूरा नभएकाले केही दिन ढिला हुने बताउनुभयो ।

# 'पटकपटक कम्पन हुँदैमा ठूलो भूकम्पको जोखिम छ भन्न मिल्दैन'

काठमाडौं, २३ पुस (रासस) ।

पटकपटक कम्पन हुँदैमा ठूलो भूकम्पको जोखिम छ भन्न नमिल्ने भूकम्पविद्हरूले बताएका छन् । भूकम्पको भविष्यवाणी गर्न नमिल्ने उनीहरूको भनाइ छ ।

खानी तथा भू-गर्भ विभागअन्तर्गत राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रका वरिष्ठ भूकम्पविद् डा लोकविजय अधिकारीले पटकपटक भूकम्प जाँदैमा तत्काल अर्को ठूलो भूकम्पको जोखिम रहन्छ भन्ने नभएको बताउनुभयो । भूकम्पको भविष्यवाणी गर्न सम्भव नभएको उहाँले उल्लेख गर्नुभयो ।

मंगलबार बिहान चीनको सिजाङ स्वशासित क्षेत्रको डिङ्ग्री काउन्टी केन्द्र भएर गएको ६ दशमलव ८ म्यागिनच्युडको भूकम्पको धक्का काठमाडौंसहित मुलुकको पूर्वी भेगमा महसुस भएको अधिकारीले बताउनुभयो । "पटकपटक भूकम्प गइरहेको स्थानमा भूकम्पको शक्ति जम्मा भइरहेको हुन्छ । उक्त ठाउँमा स-साना भूकम्प गइरहेका हुन्छन् भने भविष्यमा ठूलो भूकम्प जान सक्ने सम्भावना हुन्छ," उहाँले भन्नुभयो, "तर अहिलेसम्म भूकम्प जाने भविष्यवाणी भने गर्न सकिएको छैन ।"

# ललितपुरको कल सेन्टरमा सिआइबीको छापा, ५३ जना पक्राउ

काठमाडौं, २३ पुस (रासस) ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो ( सिआइबी)लेसातदोबाटोस्थित एक कल सेन्टरमा छापा मारेर दुई भारतीयसहित ५३ जनालाई अनलाइन जुवा खेलाएको अभियोगमा पक्राउ गरेको छ ।

सिआइबीका प्रवक्ता प्रहरी उपरीक्षक होविन्द्र बोगटीका अनुसार उनीहरूलाई 'अनलाइन क्यासिनो' खेलाएका अभियोगमा पक्राउ गरिएको हो । हाल अनुसन्धान जारी रहेको तथा मंगलबार अदालतबाट म्याद लिएर थप अनुसन्धान गरिने उहाँले राससलाई बताउनुभयो । अभियुक्तहरूबाट ८५ वटा ल्यापटप कम्प्युटर ८२ थान मोबाइल फोन पनि बरामद भएको छ । उनीहरूले अनलाइन जुवालगायत अवैध गतिविधि सञ्चालन गरेको पाइएको उहाँले बताउनुभयो ।

# वन्यजन्तुको आक्रमणबाट ८३ को मृत्यु, सर्पदंशबाट ज्यान गुमाउने ७० जना

काठमाडौँ, २३ पुस (रासस)।

नेपालमा चालु आर्थिक वर्षको मङ्सिर मसान्तसम्म वन्यजन्तुको आक्रमणबाट ८३ जनाले ज्यान गुमाएका छन्। यस्तै, जनावरको आक्रमणबाट पाँच सय ९९ जना घाइते भएका प्रहरीले जनाएको छ।

नेपाल प्रहरीका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक विश्व अधिकारीले तीमध्ये सबैभन्दा बढी सर्पले डसेर मृत्यु तथा घाइते भएका बताउनुभयो। उहाँका अनुसार सर्पले डसेर मात्रै ७० जनाको मृत्यु भएको छ भने पाँच सय ३२ जना घाइते भएका छन्।

यस्तै, गैंडाको आक्रमणबाट चारको मृत्यु र १४ जना घाइते तथा बाघको आक्रमणबाट तीनको मृत्यु र २४ जना घाइते भएका छन्। हात्तीको आक्रमणबाट छको मृत्यु र १४ जना घाइते तथा भालुको आक्रमणबाट १५ जना घाइते भएका पनि प्रहरी प्रधान कार्यालयले जनाएको छ।

मुख्यगरी निकुञ्ज आसपास क्षेत्रका बस्तीमा वन्यजन्तुको आक्रमण हुने गरेको छ। जङ्गलमा घाँस दाउरा लिन र जङ्गली तरकारी खोज्न जाँदा वन्यजन्तुको आक्रमणबाट मानिसको मृत्यु भएको जनाइएको छ। पछिल्लो समयमा भने बस्तीमै प्रवेश गरी वन्यजन्तुले हानी पुऱ्याउने गरेका छन्।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका प्रवक्ता वेदकुमार ढकालले आहाराको खोजी र विभिन्न कारणले बस्तीमा प्रवेश गर्ने वन्यजन्तु नियन्त्रणका लागि निकुञ्जले काम गरिरहेको बताउनुभयो।

पछिल्लो २४ घण्टामा पनि जनावरको आक्रमणका घटना भएका छन्। जङ्गली हात्ती बस्तीमा प्रवेश गरी मोरङको सुन्दरहरैचा नगरपालिकामा दुई जनाको घर भत्काएर खाद्यान्न खाइदिएको र दमकमा पनि हात्तीले एक घर भत्काएको प्रहरीले जनाएको छ। यस्तै बर्दिया, रौतहट र पाल्पामा पनि जङ्गली जनावरले घर तथा बाली नष्ट गरेको छ। भालुले आक्रमण गर्दा पाल्पामा एक जना घाइते भएका प्रहरी प्रवक्ता अधिकारीले जानकारी दिनुभयो।

# व्यक्तिगत सूचनामा अनधिकृत पहुँच नदिनू : सर्वोच्च अदालत

काठमाडौँ, २३ पुस (रासस)।

सर्वोच्च अदालतले व्यक्तिगत सूचनामा अनधिकृत पहुँच नदिन नेपाल टेलिकमको नाममा आदेश गरेको छ।

न्यायाधीश डा नहकुल सुवेदी र महेश शर्मा पौडेलको संयुक्त इजलासले २०८१ भदौ २५ गते गरेको फैसलाको पूर्णपाठ सार्वजनिक गर्दै सोमबार सर्वोच्चले व्यक्तिलाई गोपनीयता, वैयक्तिक स्वतन्त्रता र सम्मानपूर्वक बाँच्न पाउने हक भएकाले त्यस्ता सूचनामा पहुँच नदिन भनेको हो।

"कुनै पनि व्यक्तिको व्यक्तिगत लिखत, तथ्याङ्क र पत्राचार आदि कानुनबमोजिम बाहेक अनतिक्रम्य हुने संवैधानिक व्यवस्था छ, यस्तो हकको संरक्षण गर्नु राज्यको दायित्व हुने विषयमा विवाद भएन। व्यक्तिगत सूचनामा अनधिकृत रूपमा हुने कुनै पनि प्रकारको पहुँचले व्यक्तिको गोपनीयताको हक, वैयक्तिक स्वतन्त्रताको हक र सम्मानपूर्वक बाँच्न पाउने हकजस्ता मौलिकहकसम्बन्धी संवैधानिक व्यवस्थाको समेत गम्भीर उल्लङ्घन हुने भएकाले बिलिङ प्रणालीको खरिद तथा जडान कार्यमा समेत त्यस्ता मौलिक हक संरक्षणको सुनिश्चितता र यससम्बन्धी खरिद प्रक्रियामा स्वार्थको द्वन्द्व नहुने अवस्थाको सुनिश्चितता गर्नु", फैसलाको पूर्णपाठमा भनिएको छ।

फैसलामा बोलपत्रबमोजिम खरिद गरिने 'बिलिङ' प्रणालीमा नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) का सेवाग्राहीको मोबाइल फोनमा रहेका सूचना र तथ्याङ्कसम्म आपूर्तिकर्ताको पहुँच पुग्ने र यसबाट नागरिकका संवेदनशील एवं गोप्य सूचना जोखिममा पर्ने भनी जिकिर लिएको अवस्था देखिएको उल्लेख छ। फैसलामा भनिएको छ, "त्यस्तो स्थिति उत्पन्न भएमा नागरिकका वैयक्तिक स्वतन्त्रता र मर्यादाको संरक्षण तथा राष्ट्रिय सार्वभौमिकता एवम् सुरक्षामा समेत गम्भीर आघात पर्न जान्छ।"

नेपाल टेलिकमले एकीकृत 'बिलिङ' प्रणालीलाई विस्थापित गरी 'सीआरटीबी' प्रणाली जडान गर्न गत चैत १८ गते बोलपत्रसमेत आह्वान गरेको थियो। उक्त कार्य नयाँ नभई त्रुटिपूर्ण, खर्चिलो र ग्राहकको गोपनीयता चुहिन सक्ने तथा नेपाल टेलिकमलाई आर्थिक क्षति हुने प्रक्रिया भएको भन्दै रीता कार्कीले सर्वोच्च अदालतमा रिट निवदेन दायर गर्नुभएको थियो। उक्त निवेदनमाथिको सुनवाइपछि यस्तो फैसलामा भएको हो।

"कुनै पनि सार्वजनिक निकायको खरिद प्रक्रिया स्वच्छ, पारदर्शी, प्रतिस्पर्धी मितव्ययीसमेत हुनुपर्ने हुन्छ। लामो समयसम्म अवरुद्ध खरिद प्रक्रियाको पुनः सुरुआत गर्दा कम्पनीको सञ्चालक समितिले कम्पनीको हितलाई अधिकतम ख्याल गरी खरिद प्रक्रिया अघि बढाउने भनी निर्णय गरेको र खरिद प्रक्रियामा बोलपत्रका सर्तको व्याख्या गर्दा कम्पनीको अधिकतम हितलाई ध्यानमा राखी प्रत्यर्थी कम्पनीलाई थप आर्थिक व्ययभार नपर्ने गरी सम्झौताको व्याख्या तथा कार्यान्वयन गर्नू/गराउनू", फैसलामा भनिएको छ।

# सवारी साधनको भाडादर तीन दशमलव ३० प्रतिशत वृद्धि

काठमाडौँ, २३ पुस (रासस)।

यातायात व्यवस्था विभागले अन्तर प्रदेशमा सञ्चालन हुने सार्वजनिक यातायातका यात्रुवाहक तथा मालवाहक सवारी साधनको भाडादर समायोजन गरेको छ।

यात्रुवाहक सवारीमा तीन दशमलव ३०, पहाडी बाटोमा सञ्चालन हुने मालवाहक सवारीमा शून्य दशमलव ८१ र तराइको बाटोमा सञ्चालन हुने मालवाहक सवारीमा शून्य दशमलव ०५ प्रतिशत भाडा वृद्धि गरिएको विभागले सोमबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ। विगतदेखि सार्वजनिक सवारी साधनको भाडादर निर्धारण गर्दा इन्धनको अंश ३५ प्रतिशत र अन्य सूचकहरुको अंश ६५ प्रतिशत मानिँदै आएको छ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रीस्तरको यही पुस ११ गतेको सहमतिमा भाडा वृद्धि गरिएको विभागले जनाएको छ। निर्धारणका विभिन्न १३ सूचकलाई आधार मानी २०७८ असार २७ को भौतिक पूर्वाधार तथा यातायात मन्त्रीस्तरको सहमतिमा २०७८ असार २९ गते भाडादर समायोजन गरिएको थियो। त्यसपछि इन्धनमा पाँच प्रतिशत मूल्य घटी वा बढी हुँदा भाडादर समायोजन हुँदै आएको छ। अन्तिमपटक २०८० भदौ ३१ गते भाडादर समायोजन गरिएको विभागले जनाएको छ।

एउटै प्रदेशभित्र सञ्चालन हुने सवारीसाधनमा भने भाडा वृद्धि भएको छैन। विभागका महानिर्देशक राजीव पोखरेलले प्रत्येक वर्षको चैत महिनामा भाडा समायोजन गर्ने व्यवस्था भए पनि दुई वर्षदेखि समायोजन नभएकाले यसपटक गरिएको बताउनुभयो।


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**

**अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**


## विश्व समाचार

### भूकम्पमा मृत्यु हुनेको संख्या ९५ पुग्यो

ल्हासा, २३ पुस (रासस/सिन्ह्वा)।

चीनको दक्षिणपश्चिमी सिजाङ स्वायत्त क्षेत्रको डिङ्री काउन्टीमा मङ्गलबार बिहान ६.८ म्याग्नीच्युडको भूकम्प गएको छ। दिउँसो ३ बजेसम्म कुल ९५ जनाको मृत्यु भएको पुष्टि भएको छ भने अन्य १३० जना घाइते भएका छन्।

बेइजिङ समय अनुसार बिहान ९:०५ बजे भूकम्पको केन्द्रविन्दु सिगाजे सहरको डिङ्री काउन्टीको त्सोगो टाउनशिपमा रहेको थियो। भूकम्पको केन्द्रविन्दुको २० किलोमिटरको दायराभित्र २७ गाउँ र करिब छ हजार ९ सय मानिस रहेका छन्। डिङ्री काउन्टीमा ६१ हजार भन्दा बढी जनसङ्ख्या रहेको आधिकारिक तथ्याङ्कले देखाएको छ।

भूकम्प प्रभावित क्षेत्रमा तीन हजार चार सयभन्दा बढी उद्धारकर्ता र तीन सय ४० भन्दा बढी स्वास्थ्यकर्मी पठाइएको छ। मौसम पूर्वानुमानका अनुसार आगामी तीन दिन डिङ्रीको न्यूनतम तापक्रम माइनस १८ देखि माइनस १४ डिग्री सेल्सियससम्म रहने छ।

### जर्मनीमा विद्युतीय कार बिक्री २७.४ प्रतिशतले घट्यो

बर्लिन, २३ पुस (रासस/एएफपी)।

गत वर्ष जर्मनीमा विद्युतीय कारहरूको बिक्री २७ दशमलव ४ प्रतिशतले घटेको आधिकारिक तथ्याङ्कले सोमबार देखाएको छ। समग्रमा, सन् २०२४ मा युरोपको सबैभन्दा ठूलो कार बजारमा लगभग २ दशमलव ८ लाख नयाँ विद्युतीय कार दर्ता भएको थियो। यो अघिल्लो वर्षको तुलनामा एक प्रतिशतले कम भएको केबिए सङ्घीय यातायात प्राधिकरणले जनाएको छ।

तीमध्ये, केवल तीन लाख ८० हजार ६०९ विद्युतीय कार थिए, जुन १३ दशमलव ५ प्रतिशतको बजार हिस्सा बराबर छ।

इवाई विश्लेषक कन्स्टान्टिन गलले भन्नुभयो,"सन् २०२३ को अन्त्यमा सरकारी अनुदान फिर्ता लिएपछि जर्मनीमा विद्युतीय कारहरूको माग सुस्त भएको छ। नयाँ इभि मोडलहरूको उच्च मूल्य, कमजोर चार्जिङ पूर्वाधार र दायरा सीमिततताहरूले पनि धेरै उपभोक्ताहरूलाई विद्युतीय कार छनौट गर्न निरुत्साहित गरेको छ।"

विद्युतीय कारहरूको घट्दो बिक्रीले जर्मनीको फराकिलो अटो उद्योगले सामना गर्ने चुनौतीहरूलाई रेखांकित गर्छ। यस क्षेत्रले कमजोर माग र विद्युतीय सवारी साधन समस्यासँग सङ्घर्ष गरेको छ। निर्माता र आपूर्तिकर्ताहरूले गत वर्ष धेरै रोजगार कटौतीको घोषणा गरेको थियो। फेब्रुअरी २३ गते हुने निर्वाचनअघि अटो उद्योगको सङ्कट राजनीतिक मुद्दा बनेको छ।

केही आलोचकहरूले जर्मनीको सामान्य आर्थिक मन्दीलाई विद्युतीय सवारीसाधनमा सँग जोडेका बताएका छन्। यसले विद्युतीय कार निर्माताहरूलाई कमजोर बनाएको छ।

अर्थ कार निर्माताहरूले आगामी वर्ष बिक्रीमा सामान्य वृद्धि भन्दा बढी आशा गर्न सक्ने अवस्था नरहेको उहाँले बताउनुभयो।

### भारतले 'स्पेस डकिङ' प्रयोगमा ढिलाइ गऱ्यो

नयाँदिल्ली, २३ पुस (रासस/सिन्ह्वा)।

भारतले सोमबार आफ्नो बहुप्रतीक्षित 'स्पेस डकिङ प्रयोग' (स्पाडेक्स) मिशन दुई दिनका लागि स्थगित गरेको घोषणा गरेको छ। स्पेसडकिङ तब हुन्छ, जब दुई अन्तरिक्ष यान अन्तरिक्षमा जोडिन्छन्। भारतीय अन्तरिक्ष अनुसन्धान सङ्गठन (इसरो) का अनुसार मङ्गलवार बिहान हुने भनिएको परीक्षण अब बिहीबार सारिएको छ। "स्पेस डकिङ प्रक्रियालाई मंगलबार पहिचान गरिएको असफल परिदृश्यको आधारमा ग्राउन्ड सिमुलेशनहरू मार्फत थप प्रमाणीकरण आवश्यक छ," इसरोले जनाएको छ। इसरोले ३० डिसेम्बरमा ध्रुवीय उपग्रह प्रक्षेपण वाहन (पिएसएलभी-सी६०), एसडीएक्स०१ (चेजर) र एसडीएक्स०२ (लक्ष्य) का साथ स्पाडेक्स मिशन प्रक्षेपण गऱ्यो।

### चीनले कक्षीय इन्धन भर्ने परीक्षण उपग्रह प्रक्षेपण गऱ्यो

सिच्याङ, २३ पुस (रासस/सिन्ह्वा)।

चीनले लङ मार्च-३बी रकेट प्रयोग गरी मंगलबार बिहान सफलतापूर्वक शिजियान-२५ अन्तरिक्षमा पठाएको छ। दक्षिणपश्चिमी सिचुआन प्रान्तको सिच्याङ स्याटेलाइट प्रक्षेपण केन्द्रबाट बिहान ४:०० बजे (बेइजिङ समय) रकेट प्रक्षेपण गरिएको थियो। पछि पेलोडलाई पूर्वनिर्धारित कक्षमा ल्याइयो। पेलोड स्याटेलाइट बोक्न र प्रयोग गर्न डिजाइन गरिएको उपकरणलाई जनाउँछ। सिजियान-२५ को विकासकर्ता शाङ्घाई एकेडेमी अफ स्पेसफ्लाइट टेक्नोलोजीका अनुसार स्याटेलाइट मुख्यतया स्याटेलाइट इन्धन पुनःपूर्ति र जीवन विस्तार सेवा प्रविधिहरूको प्रमाणीकरणका लागि प्रयोग गरिन्छ। प्रक्षेपणले सन् २०२५ मा चीनको पहिलो रकेट प्रक्षेपण श्रृंखलाको ५५५ औं मिशनलाई चिन्ह लगाउँछ।

# दुई सय ५० अति विपन्न परिवारलाई जाडो छल्न ऊनी कम्बल प्रदान




**दैनिक समाचारदाता**
**राजविराज, २३ पुस ।**
नेपाली सेनाले राजविराज वडा नं. ९ का २ सय ५० अति विपन्न परिवारलाई जाडो छल्न ऊनी कम्बल प्रदान गरेको छ ।

वडा कार्यालयमा आयोजित कार्यक्रममा प्रत्येक परिवारलाई एक एक वटा ऊनी कम्बल प्रदान गरेको हो ।

शीतलहर चलेको बेला नेपाली सेनाले अतिविपन्न, मुसहर, डोम, दलित, अपाङ लगायतका समुदायलाई दिएको राहतले आहत पुग्ने वडा अध्यक्ष जवाहर यादवले बताए ।

जिल्लामा नेपाली सेनाले प्रत्येक वर्षजसो शीतलहर प्रभावित बस्तीका अतिविपन्न परिवारलाई कम्बल वितरण, चोकचोकमा आगो बाल्ने लगायतका कार्य गर्दै आएको छ ।

शीतलहर प्रभावितलाई न्यानो वितरण गर्ने कार्यक्रममा नेपाल प्रहरी र सशस्त्र प्रहरीका अधिकृत, नगरका जनप्रतिनिधि र सामाजिक सङ्घसंस्थाका प्रतिनिधिको उपस्थिति थियो ।

# प्रादेशिक अस्पतालका बिरामीलाई कम्बल वितरण

**दैनिक समाचारदाता**
**सिरहा, २३ पुस ।**
लहानस्थित रामकुमार उमाप्रसाद स्मारक प्रादेशिक अस्पतालका बिरामीलाई लहान नगरपालिकाले ६५ थान कम्बल सहयोग गरेको छ । नगरपालिकाको तर्फबाट नगरप्रमुख महेशप्रसाद चौधरीले सोमबार ती कम्बल अस्पताललाई प्रदान गरेका हुन् ।

सो अवसरमा उनले गरिब तथा विपन्न बिरामीलाई शीतलहर र चिसोबाट बच्नका लागि कम्बल सहयोग गरेको बताए । उनले भने, "दिनानुदिन चिसो बढ्दै छ, कठाङ्ग्रिँदो चिसोले गरिब तथा विपन्न वर्गका बिरामीलाई थप बिरामी पर्नबाट बचाउन सहयोग पुग्छ भन्ने उद्देश्यले कम्बल वितरण गरिएको हो । यसबाट यहाँ बस्ने बिरामीले न्यानोसँग रात काट्नेछन् ।"

शीतलहरको जोखिमले अस्पतालका बिरामीको स्वास्थ्यमा थप समस्या उत्पन्न हुनसक्ने जनाउँदै अस्पतालका प्रमुख डा बिजेन्द्रकुमार यादवले कम्बल वितरणले बिरामीको शारीरिक र मानसिक अवस्थामा राहत पुग्ने विश्वास व्यक्त गरे । उनले स्थानीय तहले गर्नैपर्ने सहयोग अस्पतालाई गरेको आफूहरूले महसुस गरेको धारणा राखे । यस अस्पतालमा ६५ शय्या रहेका छन् ।

### *सहकारी ठगीका ...*

४९ जना बचतकर्ताको संयुक्त जाहेरीले बादी नेपाल सरकार भई उठान भएको मुद्दामा त्यती बेला प्रहरी तातेडलाई मात्र पक्राउ गर्न सफल भएको थियो । अन्य आरोपित फरार रहेको प्रहरीले जनाउँदै आएको थियो ।

संचालक र कर्मचारी अचानक सम्पर्कविहीन भएको र लामो समयसम्म संस्थामा तालाबन्दी भएको देखेपछि बचत फिर्ताका लागी पहल गर्न माग गर्दै बचतकर्ताहरु प्रहरी समक्ष पुगेका थिए ।

नेपाल सरकार
कृषि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमि सुधार तथा मालपोत कार्यालय, राजविराज**
सप्तरी ।

चलानी नं. :
पत्र संख्या :
प्राप्त पत्र संख्या र मिति:

मिति: २०८१।९।१२

**विषय : ..........दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना ।**

........आसर्फी यादव........दर्ता रहेको साविक ........बनैनिया........मौजा रैन........१५ दिन........हाल तपसिल बमोजिम नापी भएको जग्गा........मो० कोल्हा काम्स अली........गरी प्रमाण पुर्जा पाउ भन्ने गा.वि.स./न.पा........बनैनिया........वार्ड नं. ....६......बस्ने श्री ........[illegible]........को द .न...६१०६ मिति........२०८१।९।१०........मा निवेदन परी ....३५.... सार्वजनिक सुचना प्रकाशित गर्न मिति ........................मा आदेश भए अनुरुप यो ......३५......दिने सुचना प्रकाशित गरिएको छ ।तपसिलमा उल्लेखित जग्गामा निवेदक वाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नामा जग्गा दर्ता नामसारी नाम थर वतन संशोधन गर्दा कसैको हक जाने छ भने सुचना प्रकासित भएको मितिले ....३५........दिन भित्रमा सप्रमाण यस कार्यालयमा आई उजुरो गर्नु होला ।म्याद भित्र कसैको दावीउजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम........................गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ ।यस सम्बन्धमा पछि कुनै पनि उजुरो दावी नलदाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारीं गराईन्छ ।

**तपसिल**

| गा.वि.स./न.पा. | वार्ड नं. | कि.न. | क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|
| बनैनिया | ६क | 64 | ०-६-१६ | आसर्फी यादव | मो० कोल्हा [illegible] |
| " | ६क | ८३/६९ | ०-३-३ | | |
| " | १ | ८९/६६ | ०-३-१६½ | | |

# चीनको दिङ्गे काउन्टी केन्द्रबिन्दु भएर सात रेक्टर स्केलको भूकम्प

काठमाडौं, २३ पुस (रासस) ।
चीनको तिब्बत प्रान्तको दिङ्गे काउन्टीमा केन्द्रबिन्दु भएर सात रेक्टर स्केलको भूकम्प गएको छ । बिहान ६:५० बजे नेपाल-चीन सीमामा पर्ने उक्त स्थानमा भूकम्प गएको राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रले जनाएको छ ।

भूकम्पको काठमाडौँ उपत्यकासहित आसपास, तराई एवं पूर्वी नेपालका झापा, मोरङ, सुनसरी, उदयपुर, खोटाङ, ओखलढुङ्गा, भोजपुर, धनकुटा, तेह्रथुम, पाँचथर, इलाम, सोलुखुम्बु, सङ्खुवासभा, ताप्लेजुङ लगायत जिल्लामा महसुस गरिएको थियो । भूकम्पको धक्का महसुस भएपछि सर्वसाधारण घरबाहिर खुला स्थानमा निस्किएका थिए । केन्द्रका वरिष्ठ भूकम्पविद् लोकविजय अधिकारीले नेपालको पूर्वी सीमाबाट उत्तरतर्फ करिब एक सय किलोमिटर टाढा दिङ्गेमा शक्तिशाली भूकम्प गएको बताउनुभयो ।

केन्द्रले छदेखि आठ रेक्टर स्केलको भूकम्पलाई शक्तिशाली भूकम्प भन्ने गरेको छ । नेपालमा विसं २०७२ वैशाख १२ गते सात दशमलव छ रेक्टर स्केलको गोरखा केन्द्रबिन्दु भएर भूकम्प गएको थियो । केही समयदेखि पश्चिम नेपालमा निरन्तर स-साना भूकम्प गइरहेको छ ।

# 'भूकम्पबाट सामान्य क्षति'

काठमाडौं, २३ पुस (रासस) ।
चीनको सिजाङ स्वशासित क्षेत्रको डिङ्ग्री काउन्टी केन्द्र भएर मंगलबार बिहान गएको भूकम्पको धक्का काठमाडौँसहित नेपालको पूर्वी भेगमा समेत महसुस गरिएको छ । हालसम्म प्राप्त विवरणअनुसार भूकम्पबाट सामान्य बाहेक ठूलो क्षति नभएको पाइएको छ ।

नेपाली सेनाका प्रवक्ता गौरवकुमार केसीले भूकम्पका कारण ठूलो क्षति नभएको जानकारी दिनुभयो । "सेनाको संयन्त्रबाट प्राप्त सूचनाअनुसार मुलुकभर ठूलो धनजनको क्षति नभएको सूचना प्राप्त भएको छ," उहाँले भन्नुभयो ।

यस्तै सशस्त्र प्रहरी बलका सहप्रवक्ता शैलेन्द्र थापाले भूकम्पका कारण सामान्य क्षति भएको बताउनुभयो । "केही ठाउँमा माटोले बनेका केही घरको गारो चर्किएको पाइएको छ," उहाँले भन्नुभयो, "यद्यपी क्षतिको विस्तृत विवरण आउन भने बाँकी छ ।"

नेपाल प्रहरीका प्रवक्ता विश्व अधिकारीले भूकम्पबाट हालसम्म मानवीय क्षति भएको कुनै पनि सूचना प्राप्त नभएको जानकारी दिनुभयो ।

चीनको सिजाङ स्वशासित क्षेत्रको डिङ्ग्री काउन्टी केन्द्र भएर मंगलबार बिहान ६ बजेर ५० मिनेट जाँदा ६ दशमलव ८ म्याग्निच्युडको भूकम्प गएको थियो ।

# मधेश प्रदेशसभाको चौथो अधिवेशन सुरु

धनुषा, २३ पुस (रासस) ।
मधेश प्रदेशसभाको चौथो अधिवेशन सुरु भएको छ । अधिवेशन अन्तर्गत मंगलबारको पहिलो बैठकमा मधेश प्रदेशसभाका सभामुख रामचन्द्र मण्डलले प्रदेश प्रमुखबाट प्राप्त चौथो अधिवेशन आह्वानसम्बन्धी पत्र पढेर सुनाउनुभयो ।

तीन महिनादेखि बन्द रहेको प्रदेशसभा बैठकमा प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त विधेयक प्रमाणीकरणको पत्र सभामुख मण्डलले पढेर सुनाउनु भएको थियो ।

बैठकले सभामुख तथा उपसभामुखको अनुपस्थितिमा बैठकको अध्ययक्षता गर्ने सदस्यको मनोनयन गरेको छ । प्रदेशसभा कार्यसञ्चालन नियमावली, २०७५ को नियम ११ बमोजिम सभामुख तथा उपसभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्नका लागि हरिनरायण महतो, चन्दन सिंह, जवाहर कुशवाहा, रमेशप्रसाद कुर्मिलाई मनोनयन गरेको हो ।

मधेश प्रदेशसभाको तेस्रो अधिवेशन गत ४ असोजमा अन्त्य भएको थियोर । प्रदेशसभाको दोस्रो कार्यकालको पहिलो अधिवेशनमा ३६, दोस्रो अधिवेशनमा १४ र तेस्रो अधिवेशनमा ३४ वटा बैठक बसेको सभामुख रामचन्द्र मण्डलले जानकारी दिनुभयो ।

कृषिसम्बन्धी विधेयक, बिउबीजनसम्बन्धी विधेयक, पर्यटन विधेयक र बालबालिकासम्बन्धी व्यवस्था गर्न बनेको ऐनको संशोधन सहितका 'बिजनेस' प्रदेशसभामा छन्र । प्राकृतिक स्रोत तथा वातावरण समितिका सभापति शारदा दास पहाडीले "मधेशमा पर्यटनको विकास र प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न विधेयकसम्बन्धी समितिको प्रतिवेदन" सभामा पेश गर्ने कार्यसुची रहेको छ ।

# शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**विष्णुपुर गाउँपालिका, सप्तरी**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*